नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
# जिल्ला हुलाक कार्यालय
गुलरिया,बर्दिया

## सूचिकृत गर्ने सम्वन्धी सूचना

मिति: २०८३।०४।०५

जिल्ला हुलाक कर्यालय बर्दियाद्धारा कार्यालय संग सम्वन्धीत कार्यको लागी आवश्यक आ.व.०८३/८४ को अवधिमा तपशिल अनुसारको खरिद तथा मर्मत कार्य गर्नको लागी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिमको मौजुदा सूचि तयार गर्नु पर्ने भएकोले सो कार्याको लागी कागजात पुगेका इच्छुक सम्वन्धित फर्म, संस्था ,आपुर्तिकर्ता,निर्माण व्यवसायी,परामर्शदाता वा कम्पनिहरुले आफुले आपुर्ति गर्ने कार्यको लागी छुट्टा छुट्टै विवरण भरि यस कार्यालयमा सूचिकृत वा अध्यावधिक गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. मसलन्द वा स्टेशनरी खरिद कार्य ।
२. छपाईसंग सम्बन्धित सम्पुर्ण कार्य ।
३. इन्धन तथा अन्य इन्धन खरिद कार्य ।
४. कम्प्युटर ,फोटोकपी तथा प्रिन्टर मेशिन, ए.सि. र अन्य मेशिनरी औजार खरिद तथा मर्मत कार्य ।
५. सवारी साधन ( साईकल ) खरिद तथा मर्मत कार्य ।
६. ईलेक्ट्रोनिक मालसामान खरिद तथा मर्मत कार्य ।
७. भवन निर्माण तथा मर्मत कार्य ।
८. फर्निचर खरिद तथा मर्मत कार्य ।
९. मोटरसाईकल खरिद तथा मर्मत कार्य ।
१०. परामर्श सेवा खरिद कार्य ।
११. जार पानी खरिद कार्य ।
१२. कार्यालयलाई आवश्यक पर्ने छाता/रेनकोट,झोला लगायत अन्य बिबिध सामान खरिद कार्य ।
१३. ढुवानीकालागी आवश्यक भाडाका सवारी साधन हरु ।

### निवेदकले पेश गर्नुपर्ने विवरण

१. मौजुदा सूचीमा दर्ता हुने कानुन बमोजिमको निवेदन
२. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणीत प्रतिलीपी ।
३. स्थायी लेखा नं. र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलीपी ।
४. कर चुक्ताको प्रमाणपत्र

### अन्य जानकारी

१. रित नपुगेका निवेदन उपर कुनै कारवाही हुने छैन ।
२. सूचिकृत रहेका विक्रेता ,फर्म ,संस्था वा कम्पनिहरुबाट जिल्ला हुलाक कार्यालयको आवश्यकता अनुसार मालसामानहरु खरिद तथा मर्मत र अन्य कार्य गर्न सकिने छ ।
३. सूचिकृत रहेका विक्रेता ,फर्म ,संस्था वा कम्पनिहरु संतोषजनक मालसामान आपुर्ति कार्य नगरेमा सुचिकृतबाट हटाउन सकिनेछ ।
४. सूचिकृत रहेका विक्रेता ,फर्म ,संस्था वा कम्पनिहरु सुचिकृत गर्ने/नगर्ने तथा सुचिकृत गरे पश्चात मालसामान खरिद गर्ने/नगर्ने सम्पुर्ण अधिकार जिल्ला हुलाक कार्यालय बर्दियालाई हुनेछ ।
५. अन्य जानकारीको लागी यस कार्यालयको फोन नं. ०८४-४२०११८ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

...............................
जगत बहादुर घर्ती
हुलाक अधिकृत

Email: dpobardiya118@gmail.com/ Phone no. 084-420118 / Postal Code 51207